नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
सिन्धुपाल्चोक

फोन नं. ०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११ ६६५६०४ (काभ्रे)
इमेल: pmamp.piu.sindhupalchok@gmail.com
वेभ साइट: piusindhupalchowk.pmamp.gov.np

पत्र संख्याः २०८३/८४
चलानी नं.: ९२

सूचना !!!

सूचना प्रकाशन मितिः २०८३/०४/१२

**कार्यक्रम/क्रियाकलापहरु संचालनकालागि सूचि दर्ता तथा आवेदन प्रस्ताव आव्हान सम्बन्धि सूचना !**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुपाल्चोकको आ.ब.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम तपसिलका क्षेत्रहरुमा तोकिएका कार्यक्रम/क्रियाकलापहरु सञ्चालन गर्न ईच्छुक कृषक समूह/सहकारी/उपभोक्ता समिति/उद्योग/कम्पनी/फर्म/संस्थाहरुहरुकालागि परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को परिच्छेद ४ को ४.३.११ (क) र (ख) तथा ४.४.११ (क) र (ख) बमोजिम सूचिकृत हुनको लागि र आवेदन प्रस्ताव गर्नको लागि अनुसूचि ९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रम संचालन गर्न चाहने इच्छुक संस्थाहरुले सम्बन्धित जोन/सुपरजोन विकास कार्यक्रममा सूचिकृत भई यो सूचना प्रकाशन भएको मितिले ३५ औं दिन (मिति २०८३/०५/१६ गते) भित्र चौतारा, सिन्धुपाल्चोक स्थित यस कार्यालय वा बाँसघारी, धुलिखेल, काभ्रे स्थित सुपरजोन प्राविधिक कार्यालयमा म्यानुअलको परिच्छेद ४ को अनुसूचि १० बमोजिमको रितपूर्वक भरिएको आवेदन प्रस्ताव फाराम अन्य आवश्यक कागजातहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम संचालनकोलागि न्यूनतम मापदण्ड, अनुदान सहयोगको सिमा, शर्त, कार्यान्वयन हुने प्रकृया र चरणहरु लगायत आवश्यक जानकारी राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन म्यानुअल-२०७७ वा कार्यालयको वेवसाईट हेर्नुहुन साथै कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ।

**तपसिल : कार्य क्षेत्रहरु**

| क्र. स. | जोन/सुपर जोनको नाम | जिल्ला | कार्यक्षेत्रहरु : कार्यक्रम संचालन हुने स्थानिय तहको नाम र वडाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | आलु सुपरजोन | काभ्रेपलाञ्चोक | पनौती न.पा., धुलिखेल न.पा., बनेपा न.पा., पाँचखाल नपा.,पा.मन्डनदेउपुर न ., . .पा.नमोबुद्ध न, बेथानचोक गा.पा. | कार्यक्षेत्र भन्दा अन्य स्थानमा कार्यक्रम संचालन हुने छैन। |
| २ | गाई/भैसी जोन | काभ्रेपलाञ्चोक | पनौती न.पा., धुलिखेल न.पा., बनेपा न.पा., पाँचखाल न.पा., मन्डनदेउपुर न.पा., नमोबुद्ध न.पा., बेथानचोक गा.पा., रोशी गा.पा., भुम्लु गा.पा., चौरी देउराली गा.पा. | |
| ३ | मकै जोन | सिन्धुपाल्चोक | सुनकोशी गा.पा. वडा नं. ४ र ६, बलेफी गा.पा. वडा नं. २, ३, ४ र ५, चौतारा साँगाचोकगढी न.पा. वडा नं. ४ देखि १४ सम्म, इन्द्रावती गा.पा. वडा नं ५ देखि १२ सम्म, मेलम्ची न.पा. वडा नं. १, २, १२ र १३ | |
| ४ | गाई/भैसी जोन | सिन्धुपाल्चोक | सुनकोशी गा.पा., बलेफी गा.पा., चौतारा साँगाचोकगढी नपा., .इन्द्रावती गा.पा., मेलम्ची न.पा., पाँचपोखरी थाङ्पाल गा.पा., हेलम्बु गापा. | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
सिन्धुपाल्चोक

फोन नं. ०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११ ६६५६०४ (काभ्रे)
इमेल: pmamp.piu.sindhupalchok@gmail.com
वेभ साइट: piusindhupalchowk.pmamp.gov.np

पत्र संख्या: २०८३/८४
चलानी नं.: १२

संचालन हुने स्वीकृत कार्यक्रम/क्रियाकलापहरु :

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | इकाई | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | लागत साझेदारी हुने रकम |
|---|---|---|---|---|---|
| १ | आलु सुपरजोन काभ्रे अन्तर्गत | | | | |
| १.१ | कृषक पाठशाला सञ्चालन | संख्या | १ | १.१ | १००% |
| १.२ | बीउ आलु आत्मनिर्भर कार्यक्रम (सामाग्रि, प्रविधि, प्रचारप्रसार) | हेक्टर | ८ | ७.२ | ५०% |
| १.३ | आलुको पोष्ट हार्भेष्ट व्यवस्थापन, प्रशोधन, मूल्य अभिबृद्धि तथा बजारीकरण सहयोग कार्यक्रम | संख्या | १ | ७ | ८५% सम्म |
| १.४ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार | हेक्टर | ६५ | ५५.२५ | ५०% |
| १.५ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १० | ३० | ८५% सम्म |
| २ | मकै जोन सिन्धुपाल्चोक अन्तर्गत | | | | |
| २.१ | मकै हाईब्रिड/उन्नत/श्रोत बीउ उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम (सामाग्री, प्रविधि तथा प्रचार प्रसार) | हेक्टर | २५ | ६.३ | ५० % |
| २.२ | मकैको पोष्ट हार्भेष्ट ब्यवस्थापन, मूल्य अभिबृद्धि तथा बजारीकरण कार्यक्रम | पटक | १ | ५ | ८५% सम्म |
| २.३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १५ | ५०% |
| २.४ | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ८ | २४ | ८५% सम्म |
| २.५ | स्वदेशी हाईब्रिड मकै प्रदर्शन | रोपनी | ५० | ३.१५ | १००% |
| ३ | गाईभैसी जोन काभ्रे र सिन्धुपाल्चोक तर्फ | | | | |
| ३.१ | दुग्ध उत्पादन सहयोगका लागि रोग/महामारी तथा परिजिवी ब्यवस्थापन अभियान सहयोग कार्यक्रम | पटक | २ | ३.३६ | १००% |
| ३.२ | गोठ सुधार कार्यक्रम | संख्या | २० | ३० | ५०% |
| ३.३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | १० | ५०% |
| ३.४ | दुध चिस्यान केन्द्र निर्माण/सुदृढिकरण (दुध चिस्यान/प्रसोधन केन्द्र निर्माण/सुदृढीकरण ) | संख्या | ६ | १८ | ५०% |
| ४ | सिन्धुपाल्चोक र काभ्रे जिल्लाको जोन, सुपरजोन क्षेत्रभित्र संचालन हुनसक्ने | | | | |
| ४.१ | व्यवासायिक प्याज प्रबर्द्धन कार्यक्रम | पटक | १ | ८.६५ | ५०% |
| ४.२ | प्राङ्गारिक मल/भर्मी कम्पोष्ट प्रवर्द्धन कार्यक्रम | पटक | २ | ५.६ | ५०% |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
सिन्धुपाल्चोक

फोन नं. ०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११ ६६५६०४ (काभ्रे)
इमेल: pmamp.piu.sindhupalchok@gmail.com
वेभ साइट: piusindhupalchowk.pmamp.gov.np

पत्र संख्या: २०८३/८४
चलानी नं.: १२

__आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :__

१ कृषक समूह/सहकारी/समिति/कम्पनी/कृषि फर्म/संस्था दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि।
२ स्थायी लेखा नं./मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा गत आ.ब.को करचुक्ता (म्याद थप समेत) प्रमाणपत्रको प्रतिलिपि।
३ कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गाधनी प्रमाणपूर्जा वा कागजातहरु वा भाडा/लिजको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामाको प्रतिलिपि।
४ निवेदकको नागरिकता वा नेपाल सरकारद्वारा जारी फोटो सहितको परिचय खुल्ने कागजातको प्रतिलिपि।
५ समूह/सहकारी/समितिको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि।
६ विगतका आ.ब.हरुमा परियोजना/ कार्यक्रम कार्यान्वयन एकाइको सहयोगमा कार्यक्रमहरु संचालन भएको भएमा के प्रतिफल/उपलब्धि प्राप्त भयो सोको विवरण।

__थप जानकारी चाहिएमा :__

सम्पर्क नं : ०११-६२०१२५/९८५१२००१२५ (सिन्धुपाल्चोक), ०११-६६५६०४/९८४११०४५२२ (काभ्रे)
email : pmamp.piu.sindhupalchok@gmail.com
website : www.piusindhupalchowk.pmamp.gov.np
facebook page : राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सिन्धुपाल्चोक

प्रस्ताव फारामको ढाँचा (अनुसूचि १० बमोजिम) माथि उल्लेखित कार्यालयको website बाट download गर्न सकिनेछ तथा बिस्तृत जानकारी चाहिएमा माथिको फोन नं. मा सम्पर्क गर्न सकिनेछ।